अनुसूचि-२

(दफा ४ तथा अनुसूचि-१ को भाग-२ सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ६० मितिः श्रावण १८ गते, २०८२

## भागः २

नेपालको संविधानको अनुसूचि ८ मा उल्लेख भएबमोजिमको अधिकार अन्तर्गत रही दंगीशरण गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८२/०४/१४ मा पारित भएको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी मापदण्ड, २०८२

कार्यपालिकाबाट पारित भएको मितिः२०८२/०४/१४

प्रमाणिकरण भएको मितिः२०८२/०४/१८

दंगीशरण गाउँपालिकाको भूगोल, ऐतिहासिक तथ्य, सामाजिक, सांस्कृतिक, आर्थिक, पर्यटकीय एवं अन्य पहिचान झल्किने गरी प्रतिष्पर्धाको माध्यमबाट दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउन आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाको मिति २०८२/०४/१४ को बैठकको निर्णयानुसार यो मापदण्ड पारित गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम "दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी मापदण्ड, २०८२" रहनेछ।

(२) यो मापदण्ड दंगीशरण गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "**मापदण्ड**" भन्नाले "दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी मापदण्ड, २०८२ भन्ने सम्झनु पर्दछ।

(ख) "**गाउँपालिका**" भन्नाले दंगीशरण गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) "**कार्यपालिका**" भन्नाले दंगीशरण गाउँ पालिकाको गाउँ कार्यपालिका भन्ने सम्झनु पर्दछ ।

(घ) "**प्रतिक चिन्ह**" भन्नाले दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) लाई जनाउने छ ।

(ङ) "**समिति**" भन्नाले दफा ३ बमोजिम गठित प्रतिक चिन्ह छनौट तथा सिफारिस समिति भन्ने सम्झनु पर्दछ ।

**३. प्रतिक चिन्ह छनौट तथा सिफारिस समितिः** (१) दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह छनौट गरी सिफारिस गर्नको निमित्त देहायबमोजिमको समिति रहनेछ ।

(क) दंगीशरण गाउँपालिकाको उपाध्यक्ष संयोजक

(ख) कार्यपालिकाबाट मनोनित कार्यपालिकाका सदस्य मध्येबाट १ जना सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीमध्येबाट १ जना सदस्य

(ङ) प्रशासन शाखा प्रमुख सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) लोगो निर्माण गरी पेश गर्न समयावधि सहितको सूचना प्रकाशन गर्ने।

(ख) पेश भएका लोगोहरू मापदण्ड अनुरुप भए नभएको अध्ययन गर्ने।

(ग) मापदण्ड बमोजिम उपयुक्त देखिएका बढिमा तीनवटा लोगोहरू छनौट गरी कार्यपालिकामा पेश गर्ने।

(घ) उपयुक्त देखिएका लोगोहरूमा परिमार्जन आवश्यक देखिएमा सुझाव दिने।

**४. प्रतिक चिन्हका लागि मापदण्डहरूः** दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) मा देहायबमोजिमका मापदण्डहरू पुरा भएको हुनु पर्नेछः

(क) गाउँपालिकाको नाम, नेपालको झण्डा र दंगीशरण गाउँपालिको आदर्श वाक्य "हाम्रो प्रण, समुन्नत दंगीशरण" अनिवार्य रूपमा समावेश भएको हुनु पर्नेछ ।

(ख) प्रतिक चिन्हमा दंगीशरण गाउँपालिकाको भौगोलिक नक्सा समेटिएको हुनु पर्नेछ ।

(ग) लोगो दंगीशरण गाउँपालिकाको थारू संस्कृति, परम्परा, ऐतिहासिक विशिष्टतालाई समेट्ने खालको हुनु पर्नेछ।

(घ) लोगोमा भौगोलिक अखण्डता, स्वाधिनता र राष्ट्रिय एकतामा खलल पर्ने गरी कुनै सङ्केतको प्रयोग गरेको हुनु हुँदैन।

(ङ) लोगोमा समावेश गरिएका शब्द वा सङ्केतहरूले जातिय भेदभाव, साम्प्रदायिक भावनालाई प्रोत्साहित गरेको हुनु हुँदैन।

(च) लोगोमा अङ्कित चिन्हहरू आकर्षक रङ्गद्वारा सज्जित हुनु पर्नेछ।

(छ) लोगोमा प्रयोग गरिएका सङ्केतहरूको अर्थ संक्षिप्त व्याख्या गरिएको हुनु पर्नेछ।

(ज) लोगो मौलिक एवं सिर्जनात्मक हुनु पर्नेछ।

(झ) अन्य स्थानीय तहका लोगोहरूसँग ठ्याक्कै मेल खाने खालको हुनु हुँदैन।

(ञ) लोगोमा समावेश सङ्केत अथवा शब्दहरूमा समितिले परिमार्जन आवश्यक ठानेको खण्डमा परिमार्जन गर्न सकिने खालको हुनु पर्नेछ।

(ट) लोगो कम्तिमा ३०० डि.पि.आई. मा जे.पि.जी. फर्म्याटमा डिजाइन गरिएको हुनु पर्नेछ।

(ठ) लोगो निर्माण गर्दा नेपालको निशान छापको मापदण्डलाई समेत ख्याल गर्नु पर्नेछ।

(ड) लोगोको डिजाइन र प्रस्ताव पेश गर्दा रङ्गीन हार्ड कपीका साथै इ-कपी पनि साथै पेश गर्नु पर्नेछ ।

(ढ) लोगोको डिजाइनकर्ताले लोगोको साथै नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी समेत साथै पेश गर्नु पर्नेछ ।

**५. प्रतिक चिन्ह (लोगो) को लागि प्रस्ताव आह्वानः** (१) दंगीशरण गाउँपालिकाको प्रतिक चिन्हको डिजाइन गरी प्रस्ताव पेश गर्न गाउँ कार्यपालिकाले १ महिनाको म्याद राखि सार्वजनिक सूचना आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना राष्ट्रिय स्तरका दैनिक पत्रिकाहरू मार्फत प्रकाशन गर्न सकिनेछ

**६. प्रतिक चिन्ह (लोगो) को छनौट र प्रयोगः** (१) तोकिएको म्यादभित्र रितपूर्वक पेश हुन आएका लोगोहरू मध्ये उपयुक्त देखिएका कम्तिमा तीन वटा प्रतिक चिन्हहरू समितिले छनौट गरी कार्यपालिकामा पेश गर्नेछ ।

(२) कार्यपालिका बैठकले समितिबाट सिफारिस भई आएका प्रतिक चिन्हहरूमध्ये सबैभन्दा उत्कृष्ट प्रतिक चिन्ह छनौट गर्नेछ ।

(३) कार्यपालिका बैठकले छनौट गरेको लोगो दंगीशरण गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

(४) दंगीशरण गाउँपालिकाको प्रतिक चिन्ह कार्यपालिकाबाट स्वीकृत भएपछि गाउँपालिकाको लेटर प्याड, वेवसाइट, फेसबुक पेज, साइन बोर्ड तथा गाउँपालिकाको तर्फबाट जारी हुने कागजातहरूमा प्रयोग गरिनेछ।

(५) कार्यपालिकाले स्वीकृत गरेको प्रतिक चिन्ह (लोगो) गाउँ सभाको आगामी बैठकबाट अनुमोदन हुनेछ।

**७. पुरस्कार सम्बन्धी व्यवस्था:** गाउँ कार्यपालिकाले उत्कृष्ट ठहराई छनौट गरेको लोगोको डिजाइनरलाई गाउँपालिकाले नगद रू. २५,०००/- (पच्चीस हजार) र सम्मान पत्र सहित पुरस्कृत गर्नेछ।

**८. बाधा अड्चन हटाउने र व्याख्या गर्ने अधिकार:** दंगीशरण गाउँपालिकाको प्रतिक चिन्हको प्रयोग सम्बन्धमा उत्पन्न हुने बाधा अड्चन हटाउने र सो को प्रयोग सम्बन्धमा व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ।

आज्ञाले

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत